नेपाल खुला विश्वविद्यालय
स्था: २०७३

# नेपाल खुला विश्वविद्यालय

## केन्द्रीय कार्यालय

मानभवन, ललितपुर, नेपाल

☎ ०१-५००८०४७
०१-५००८०४८

प.सं.: ०७८/७९
च.नं.: २२

मिति: २०७८।०५।०३

**२०७५ वर्षे भर्ना समूहको LLB, BBS कार्यक्रमको तेस्रो वर्षको छात्रवृत्ति (शिक्षण शुल्क छुट)का लागि आवेदन फारम आव्हानको सूचना**

नेपाल खुला विश्वविद्यालय व्यवस्थापन तथा कानून सकायको २०७५ वर्षे भर्ना समूहको LLB, BBS कार्यक्रममा भर्ना भै तेस्रो वर्षमा नियमित रुपमा अध्ययन गरेका विद्यार्थीहरुलाई विश्वविद्यालयले प्रदान गर्ने कुल विद्यार्थी भर्ना संख्याको १०% लाई छात्रवृत्तीका रुपमा उपलब्ध गराउने शिक्षण शुल्क छूटको व्यवस्था अनुसार नेपाल खुला विश्वविद्यालय छात्रवृत्ती वितरण (प्रथम संशोधन) निर्देशिका, २०७५ बमोजिम तपसिल बमोजिमको कोटा संख्यामा जेहेन्दार छात्रवृत्ती र गरिब तथा समावेशी छात्रवृत्तीका रुपमा शिक्षण शुल्क छुट लिनका लागि इच्छुक विद्यार्थीहरुले मिति २०७८।० ५।०३ देखि मिति २०७८।०५।२४ गते सम्म अघिल्लो वर्षको सत्रान्त बाह्य परीक्षामा प्राप्त गरेको प्राप्ताङ्क वा ग्रेड प्वान्ट सहित तोकिएका कागजातहरु अपलोड गरी विश्वविद्यालयको वेवसाईट www.nou.edu.np मा रहेको छात्रवृत्ती सम्बन्धी आवेदन फारम पूरा भरी पठाउन यो सूचना प्रकाशन गरिएको छ । छात्रवृत्ति सम्बन्धी विस्तृत जानकारी विश्वविद्यालयको वेवसाइटमा राखिएको "नेपाल खुला विश्वविद्यालय छात्रवृत्ति वितरण सम्बन्धी निर्देशिका, २०७५" (पहिलो संशोधन)बाट लिन सकिनेछ । तोकिएको समय अवधि पश्चात प्राप्त भएका निवेदन र तोकिएका कागजातहरु अपलोड नगरेमा साथै पूरा शुल्क भुक्तान गरेको नदेखिएमा छात्रवृत्तिको निवेदनमा कुनै कारवाही नहुने व्यहोरा समेत निर्देशानुसार जानकारी गराईन्छ ।

रेशमकुमारी श्रेष्ठ
उपसचिव

**२०७५ वर्षे भर्ना समूहको LLB, BBS कार्यक्रमको तेस्रो वर्षको छात्रवृत्ति कोटा विवरण**

| सि न | तह र विषय | छात्रवृत्ती कोटा सख्या | छात्रवृत्ति कोटा | | | |
|---|---|---|---|---|---|---|
| | | | जेहेन्दार | गरिव तथा समावेशी | | |
| | | | | गरीव | महिला | आदिवासि /जनजाती, मधेशी र पिछडिएको वर्ग(दलित,अपाङ्ग, द्वन्द पिडित र जनआन्दोलन घाइते ) |
| १ | Bachelor of Laws (LLB) | १ | १ | | | |
| २ | Bachelor of Business Science (BBS) | ३ | १ | १ | १ | |

**छात्रवृत्ति सम्बन्धी अन्य जानकारीहरु**

क) जेहेन्दार र गरीव तथा समावेशी छात्रवृतिको लागि अघिल्लो सेमेष्टर/ वर्षको सत्रान्त वाह्य परीक्षामा सम्बन्धित तह र विषयमा सबैभन्दा बढी अंक वा ग्रेड प्राप्त गरी उत्तीर्ण विद्यार्थीलाई तोकिएको संख्यामा छात्रवृत्ति प्रदान गरिनेछ ।

ख) रितपूर्वक दरखास्त पेस गर्ने विद्यार्थीहरुले गरीव तथा समावेशी सम्बन्धी कागज प्रमाण समेतको आधारमा नियमानुसार समावेशी समूहको योग्यताक्रम कायम गरिनेछ ।

ग) गरीवको सिफारिस निर्देशिकामा तोकिए अनुसारको ढाँचामा मिति २०७८।०५।०३ देखि मिति २०७८।०५।२४ गते सम्ममा सम्बन्धित व्यक्ति वसोबास गरेको गा.पा. वा महा /उप / न.पा ले कारण खुलाई विपन्न आर्थिक अवस्था भएको भनी प्रमाणित गरेको वा नेपाल सरकारको वैधानिक निकायले प्रदान गरेको गरीवको प्रमाण पत्र समावेश गर्नुपर्नेछ ।

घ) गरीव तथा समावेशी छात्रवृत्ति नेपाल सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त गर्ने संघ वा संस्था वा विद्यालय वा क्याम्पस वा कार्यालय वा संस्थागत विद्यालय वा निजी क्याम्पस वा दर्तावाल राष्ट्रिय वा अन्तर्राष्ट्रीय गैर सरकारी संस्थामा अधिकृत सरहको पदमा कार्यरत विद्यार्थीले प्राप्त गर्न सक्नेछैनन् ।

ईमेल: info@nou.edu.np, वेभसाइट: www.nou.edu.np, पोष्टवक्स नं.: २९६